# नगर कार्यपालिकाको कार्यालय

(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)

लहान (सिरहा)

प्रदेश नं.२, नेपाल

☎ :- ०३३

५६०१३७ प्र.प्र.अधिकृत
५६०१३८ प्रशासन शाखा


(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०३/१४ गते)

पत्र संख्या :- २०७६/०७७

चलानी नं. :- ४९०८

मिति :- २०७७/०३/१४

**बिषय :- विज्ञापन कर (सेपरेटर पार्क वाहेकको) ठेक्काकोशिलवन्दी दरभाउत्र आह्वान सूचना ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ को १ र २ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिल वमोजिमका कर तथा सेवा शुल्क संकलनकालागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले आ.व. २०७७/०७८ (२०७७ श्रावण १ गते देखि २०७८ (आषाढ मसान्त सम्म) १ (एक) वर्षकालागि किस्तावन्दीमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट यस कार्यालयको website www.lahanmun.gov.np मा राखिएको तथा यस कार्यालयको सूचना पाटीमा टांस गरिएको विस्तृत सूचनामा तोकिएका शर्तहरुको अधिनमा रही यस कार्यालयको आन्तरिक राजस्व व्यवस्थापन उप-शाखावाट दरभाउपत्र फारम खरिद गरी रीतपूर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्न सम्वन्धीत सवैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

| क्र.सं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक रु. ( VAT, आयकर तथा दुर्गा पुजा चन्दा वाहेक) | दरभाउपत्र फारम दस्तुर रु. (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| ०१. | विज्ञापन कर (राजमार्ग स्थीत शहिद पार्कको दायां वायां रहेको सेपरेटर पार्क वाहेक) | १६,५५,००१।- | १,०००।- | दरभाउपत्र |

**शर्तहरु :-**

०१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (औं) दिन अर्थात मिती २०७७/०३/२८ गते सम्म कार्यालय समय भित्र उल्लेखित दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६(औं) दिन अर्थात २०७७/०३/२९ गते सोही दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे पछि न.पा. कार्यालयमा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा न.पा.कार्यालयमा खोलिने छ । उक्त समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०३. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

०४. शिलवन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशीक नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., लहान स्थीत च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भाउचर वा सो रकम वरावरको यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको कम्तीमा ७५ दिन म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ। धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन साथै सो दरभाउपत्र मान्य न भै अमान्य हुनेछ।

०५. दरभाउपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

०६. दरभाउपत्र स्वीकृत भए पछि ठेक अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% र भ्याट १३% तथा आयकर वापत १.५% समेत जम्मा १६% रकम ठेक अंकमा जोडि दुई किस्ता गरी पहिलो किस्ता चलन पूर्जि लिनु अगाबै दोश्रो किस्ता २०७७ फाल्गुन मसान्त सम्म बुझाउनु पर्ने छ। साथै किस्ता बन्दी गर्दा बांकी ठेक रकम बराबर यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारि गरिएको कम्तीमा १२ महिना म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै फर्मले पेश गर्नु पर्ने छ र व्यक्तिको हकमा जग्गा जमानि पेस गर्नु पर्ने छ।

०७. ठेक्का अवधि २०७७ साल श्रावण १ गते देखि २०७८ साल आषाढ मसान्त सम्मको हुने छ। कुनै कारण वस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ।

०८. दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुने छैन। शर्त सहितको दरभाउपत्रलाई बदर मानिने छ। साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन।

०९. दरवन्दी भन्दा बढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

१०. बन्द हडताल चक्काजाम लगायत अन्य मानव सृजित कारणवाट सृजना हुने वन्द हडताल हुन गएमा नगरपालिकाको निर्णय अनुसार हुने छ।

११. प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. दरभाउपत्र सम्वन्धी केही कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सर्म्पक राखी बुझ्न सकिनेछ।

१३. ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने कर दस्तुर ठेक्कावालाले नै बुझाउनु पर्ने छ।

१४. विज्ञापन कर शहिद पार्कको दायां वायां रहेको सपरेटर पार्कको विज्ञापनमा लिन पाईने छैन। सपरेटर पार्क वाहेकको विज्ञापनमा मात्र विज्ञापन कर लिन पाईने छ।

१५. प्रचार प्रसारकालागि तोकिएको सार्वजनिक स्थानहरु लगायत घर, टहरा माथि राखिएका होर्डिङ वोर्ड तथा भिते लेख्न द्धारा गरिएको प्रचार प्रसारका सामाग्रीमा मात्र विज्ञापन कर लिन पाईनेछ।

**विज्ञापन करको दररेट निम्नानुसार रहेको छ।**

निम्न :-

| | | |
|---|---|---|
| क. | होर्डिङ वोर्ड दस्तुर स्वीकृति शुल्क प्रति वर्ग फिट | रु. १०।- |
| ख. | मदिरा जन्य वस्तुको विज्ञापन होर्डिङ वोर्डमा प्रति वर्ग फिट | रु. ५०।- |
| ग. | अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट | रु. ४०।- |

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा

२०७७।३।१२

प्रमुख प्रशासकीय अधिकृत